Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

मितिः २०७४।०६।०८ गते

## प्रेस विज्ञप्ति

लोकतान्त्रिक संघिय गणतन्त्रात्मक व्यवस्थामा प्रवेश गरेको देशमा २० बर्ष पछि भएको स्थानिय तहको निर्वाचनबाट मुलुकले स्थानिय पदाधिकारीहरु पाएको छ । यसले लैगिंक हिंसाको सम्बोधनका साथै हिंसाको न्यूनीकरणका लागि आवश्यक पर्ने सामाजिक सोच र संस्कारहरुमा परिवर्तन गर्ने अवसर सिर्जना गरेको छ । यद्यपी समाजका हरेक संरचनामा जरो गाडेर बसेको पित्तृसत्तात्मक सोच, मूल्य मान्यता र महिलालाई हेर्ने फरक दृष्टिकोणका कारण आज पनि महिलाहरु विभिन्न किसीमका हिंसाहरु खप्न बाध्य छन् । **नेपालको संविधानको भाग ३ मौलिक हक** र कर्तव्य को धारा १६ ले प्रत्येक व्यक्तिको सम्मानपूर्वक बाँच्न पाउने अधिकार स्थापित गरेको छ । हिंसा प्रभावितहरुको न्याय सुनिश्चितताका लागि देशमा विभिन्न कानुन तथा नीतिगत व्यवस्थाहरु समेत भएका छन् । तर पनि हिंसा प्रभावित महिलाहरुको समाजमा आफ्नो पहिचान स्थापित हुने र आत्मसम्मानका साथ स्वतन्त्र रुपमा जीवनयापन गर्न सक्ने वातावरणको निर्माण हुन नसक्दा संविधात् प्राप्त यी अधिकारहरु समेत प्रभावितले प्राप्त गरेको अनुभुति गर्न सकेका छैनन् । यहि अवस्थाको मनन् गरी महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल, ओरेक नेपालले अन्तराष्ट्रिय **शान्ति दिवसको सन्दर्भमा न्याय प्राप्तिको अधिकार : लोकतान्त्रिक व्यवस्थाको मूलाधार** भन्ने नाराका साथ २०७४ असोज ८ गते राष्ट्रिय मानव अधिकार आयोगमा **"मेरो लागि न्याय कहाँ छ ?"** विषयक राष्ट्रिय कार्याशाला गोष्ठिको आयोजना गरेको छ ।

कार्यक्रमा दांङ, मोरंग, सुनसरी, सिराहा, उदयपुर, धनुषा, कैलाली लगायतका २५ भन्दा बढी जिल्लाबाट हिंसा प्रभाीवतले आफुमाथि भएको पीडा र विभिन्न न्यायीक निकायमा पुगेर न्यायका लागि लड्दा पनि न्याय नपाएको यथार्थताहरु राखेका थिए । धेरै हिंसा प्रभावितहरुले अदालतमा आफ्नो मुद्दाको फैसला भएको तर आफुले उक्त फैसला बमोजिम हालसम्म पनि क्षतिपुर्ति प्राप्त गर्न कठिन भईरहेको, भोगचलन गर्न नपाएका जस्ता समस्याहरु राखेका थिए । हिंसा प्रभावितहरुले नागरिकता प्राप्त गर्न कठिनाई भएको जसले गर्दा उनीहरुले रोजगारी समेत गर्न नपाएको, छोराछोरीहरुको जम्मदर्ता गर्न नसकेको जसका कारण बालबालिकाहरु शिक्षाको अधिकारबाट समेत बञ्चित हुनुपरेको जस्ता समस्याहरु राखेका थिए । महिलाहरुले बोक्सीको आरोपमा विभिन्न किसीमको मानसिक तथा शारीरिक हिंसा खप्दै आएको, दाईजो कारण भोग्नुपरको पीडाहरु सम्बन्धीत सरोकारवाला समक्ष राखेका थिए । हिंसा प्रभावितहरुले सरोकारवालाहरु बिच न्याय पाउने वातावरण सिर्जनाका लागि २४ बुदे माग प्रस्तुत गरेका थिए ।

हिंसा प्रभावित महिलाहरुले राखेका मागहरुलाई सम्बोधन गर्दै, **माननीय रन्जु झा, (सभापति** व्यवस्थापिका संसद महिला बालबालिका ज्येष्ठ नागरिक र समाज कल्याण समिति) ले हिंसा प्रभावितका तर्फबाट राखिएको मागलाई सम्बोधन गर्न आफुले सकेको पहल गर्ने प्रतिबद्धता जायर गर्नुभएको थियो । उहाँले विशेषगरी गभ्मिर प्रकृतिका मुद्दाहरुमा हदम्यादको व्यवस्था अन्त्य गर्न आफुले व्यवस्थापीका संसदबाट पहल गरिरहेको जानकारी समेत दिनुभएको थियो ।

यस्तै कार्यक्रममा बोल्दै **माननीय पेम्बा लामा (व्यवस्थापिका संसद सदस्य)** ले सबै सरोकारवाला निकायहरुले जिम्मेवारी बहन गर्ने हो भने न्यायको बाताबरण बन्न सक्ने कुरामा जोड दिनुभएको थियो । "हिंसा नसहौं,नगरौं तथा हिंसाको विरुद्धमा प्रतिकार गरौं" भन्ने संन्देश दिदै, धेरै महिलाहरु घरभित्रकै व्यक्तिबाट हिंसाको जोखिममा रहेको जसका कारण पनि महिलाहरुले न्याय पाउन कठिन भएको कुरा राख्दै ,प्रभावितहरुलाई संगठित भएर हिंसाको प्रतिकार गर्न आग्रह गर्नुभएको थियो । महिला हिंसा विरुद्धको अभियान तथा सवालमा आफुले व्यवस्थापिका साँसद सदस्यको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता समेत उहाँले जाहेर गर्नुभएको थियो ।

**राष्ट्रिय मानव अधिकार आयोगका प्रवक्ता माननीय मोहना अन्सारीले** कार्यक्रमा बोल्दै नेपालमा कानुन तथा नीतिगत व्यवस्थाहरु प्रगतिशिल भएको तर यसको कार्यान्वय पक्ष फितलो हुदा महिलाहरुले न्याय पाउन नसकेको बताउनु भएको थियो । महिलाहरुको पहिचानको अधिकार स्थापित हुन नसक्दा धेरै महिलाहरुमाथि हिंसा भईरहेको र हाम्रो सामाजिक सोच र न्याय प्रदानकर्ताले तथ्यगत तथा वैज्ञानिक प्रमाणहरु जुटाउन नसक्दा महिलाले न्याय प्राप्त गर्ने वातावरण निर्माण नभएकोमा जोड दिनुभएको थियो । विधायन समितिहरुबाट विभिन्न कानुनहरु निर्माणहरु भईरहेको तर सिमीत व्यक्तिहरुसँगमात्र परामर्श गरी प्राविधिक रुपमा यसको छलफल नभईरहेको बताउँदै यसरी बन्ने कानुनहरुको कार्यान्वयन समेत भविष्यमा प्रभावकारी नहुने बताउनु भएको थियो । अन्त्यमा उहाँले महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयको मातहतमा हिंसा प्रभावितहरुका सहयोगका लागि रहेका कोषहरुलाई प्रभावकारी रुपमा उपयोगीतमा ल्याउन उक्त कोष प्रभावितको पहुँच हुने व्यवस्था गर्न मन्त्रालयलाई आग्रह समेत गर्नुभएको थियो ।

**काठमाण्डौ महानगरपालिकाका उपमेयर हरिप्रभा खड्गीले** महिलाहरुमा शिक्षा र आर्थिक अवसर बृद्धि गर्न सकेमा हिंसा कम हुने बताउँदै हिंसा प्रभावितहरुको न्यायका लागि आफुले सक्दो सहयोग गर्ने प्रतिबद्धता जायर गर्नुभएको थियो ।

**महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सहसचिव राधिका अर्याल** ले हिंसा प्रभावितहरुले राखेका समस्या र सवालहरुले मन्त्रालयले गर्दै आएको काममा अझ प्रभावकारी रुपमा कार्य गर्नुपर्ने आवश्यक रहेको कुरा राख्दै, हाल प्रभावितका सहयोगका लागि खोलिएका सेवा केन्द्रहरुको विस्तार हुनुपर्ने र यसका लागि आफु प्रतिबद्ध रहेको कुरा राख्नु भएको थियो ।

**राष्ट्रिय महिला आयोगका सचिव तुल्सीराम सेढाईले** महिलाका न्यायका सवालमा राष्ट्रिय महिला आयोगले सदैव सम्बेदनशिल भएर कार्य गरिरहेको तथा आगामी दिनमा पनि प्रस्तुत भएका मागहरुलाई सम्बोधनका लागि प्रतिबद्ध रहेको बताउनु भएको थियो ।

**प्रहरी प्रधान कार्यालयका प्रहरी उपरीक्षक गणेश रेग्मी** ले प्रभावितहरुले उठाएका सवालहरुलाई सम्बोधन गर्न नेपाल प्रहरी सदैव तयार रहने र महिलालाई न्याय दिने बाताबरण तयार गर्न प्रहरीको तर्फबाट आवश्यकता अनुसारको सहयोग गर्ने प्रतिबद्धता जाहेर गर्नुभएको थियो ।

**महिला मानव अधिकार रक्षकहरको राष्ट्रिय सञ्जालका अध्यक्ष, तथा ओरेक नेपालका संस्थापक अध्यक्ष डा. रेणु अधिकारी** ले जुनसुकै ओहोदामा रहेका महिलाहरुमाथि पनि हिंसा हुने र हिंसा विरुद्ध बोल्दा र न्यायका लागि आवाज उठाउदा महिलाहरुले प्रहरी कार्यालय, अदालत जस्ता न्यायीक निकायका व्यक्तिहरुबाट गरिने व्यवहारका कारण थप हिंसा व्यहोर्नुपर्ने यथार्थता राख्नु भएको थियो । डा. अधिकारीले न्याय विना शान्ति संभव नरहेको कुरामा जोड दिदै महिलाले न्याय पाउने बाताबरण निर्माण गर्न एकल प्रयासले मात्रै संभव नहुने भएकाले सवै सरोकारवालाहरुलाई संयुक्त रुपमा हिंसा विरुद्ध आवाज उठाउन र आ आफ्नो ठाउँबाट पहल गर्न आग्रह समेत गर्नुभएको थियो ।

कार्यक्रमको अन्त्यमा हिंसा प्रभावितहरुको न्यायका महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय सञ्जाल तथा ओरेक नेपालले १६ बुदे घोषणापत्र जारी गरेको थियो । कार्यक्रममा हिंसा प्रभावित महिला, मानव अधिकारका सवालमा कार्यरत महिला मानव अधिकार रक्षकहरु, मानव अधिकारकर्मी, विभिन्न सरकारी कार्यालयहरु, राष्ट्रिय अन्तराष्ट्रिय संघसंस्थका प्रतिनीधि, पत्रकारहरु गरी १२७ जनाको सहभागीता रहेको थियो । प्रभावितद्धारा प्रस्तुत माग पत्र नेकपा एमालेका अध्यक्ष के.पी शर्मा ओली र नेपाली काग्रेसका पार्टी कार्यालयका मुख्य सचिवमार्फत अध्यक्षलाई प्रभावित स्वयमले पार्टी कार्यालयमै गएर बुझाएका थिए ।



अभिराम राय

कार्यक्रम निर्देशक

ओरेक नेपाल